# आफ्नो बच्चालाई कोभिड -19 बाट बचाउनुहोस्

## ट्रान्स्क्रिप्ट

[उत्साहजनक सङ्गीत]

[वर्णन]

कोभिड -19 Pfizer खोप अब 5 देखि 11 वर्ष उमेरका बालबालिकाका लागि उपलब्ध छ ।

रोग नियन्त्रण तथा रोकथाम केन्द्रले योग्य बालबालिकालाई खोप लगाउन सिफारिस गर्दछ ।

बालबालिकालाई पनि कोभिड -19 रोग लाग्न सक्छ र खोपले बालबालिकालाई स्वस्थ राख्न सुरक्षा प्रदान गर्नमा मद्दत गर्दछ ।

कोभिड -19 खोप बालबालिकाका लागि सुरक्षित, निःशुल्क र प्रभावकारी छ ।

5-11 वर्ष उमेरका बालबालिकाका लागि तयार पारिएको Pfizer खोप 12 वर्ष तथा सोभन्दा बढी उमेरका मानिसहरूका लागि Pfizer खोपको तुलनामा सानो डोजमा छ ।

सानो डोज फरक तरिकाले प्याकेज गरिएको छ, त्यसैले तपाईं यो खोप पाइने खोप केन्द्रमा जान चाहनुहुनेछ ।

कोभिड -19 खोपले रोग लगाउँदैन ।

कोभिड -19 खोपले परिवारहरूलाई कोभिड -19 बाट जोगाउँछ ।

तपाईंको बच्चालाई पूर्ण रूपमा सुरक्षित हुनका लागि कोभिड -19 खोपको दुई डोज लगाउनुपर्ने हुन्छ ।

पहिलो डोज लगाएपछि दोस्रो डोज लगाउनका लागि 3 हप्ता पर्खनुहोस् ।

दोस्रो डोज लगाएको दुई हप्तापछि तपाईंको बच्चा पूर्ण रूपमा सुरक्षित हुन्छन् ।

यदि तपाईंका कुनै पनि प्रश्नहरू भएमा स्वास्थ्यसेवा प्रदायकसँग कुरा गर्नुहोस् ।

र MDH हटलाइन 1-833-431-2053 मा पनि उपलब्ध छ ।

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

11/16/2021 (Nepali)

भिन्न स्वरूपमा यो जानकारी प्राप्त गर्न यहाँ फोन गर्नुहोस्: 651-201-4989